# *एण्टिबायोटिकको सावधानीपूर्वक प्रयोग गर्न हामी **तपाईंको साथ चाहन्छौं**

दाना उत्पादकहरू

मानव तथा पशुपन्छी संक्रमण नियन्त्रण तथा उपचारका लागि एण्टिबायोटिकहरू **अत्यावश्यक औषधि हुन्**

तर द्रुत गतिमा **एण्टिबायोटिकहरूले प्रभावकारिता** गुमाउँदै गएका छन्

- यी अमूल्य एण्टिबायोटिकहरूको अनुपयुक्त प्रयोगले किटाणुहरूमा एण्टिबायोटिक विरूद्ध प्रतिरोध विकास हुने जोखिम बढ्दछ। किटाणुहरूले प्रतिरोधात्मक क्षमता विकास गरेमा एण्टिबायोटिकहरूले काम गर्न छोड्छन्। यो प्रक्रियालाई नै एण्टिबायोटिक प्रतिरोध भनिन्छ।
- मानव तथा पशुपन्छी (माछासमेत) को स्वास्थ्य तथा कल्याणका लागि एण्टिबायोटिक प्रतिरोध चुनौतीको रूपमा रहेको छ। नयाँ समूहका एण्टिबायोटिकको आविष्कार हुन नसकेको अवस्थामा हाल उपलब्ध एण्टिबायोटिकलाई नै भावी पुस्ता समेतका लागि सुरक्षित राख्न आवश्यक देखिन्छ।
- हाल प्रयोगमा रहेका एण्टिबायोटिकहरूको निरन्तर उपलब्धता र प्रभावकारिता कायम राख्न अत्यावश्यक छ। विश्व पशु स्वास्थ्य संगठनका अन्तरराष्ट्रिय मापदण्डहरू अनुरूप जिम्मेवारीपूर्वक तथा विवेकसम्मत रूपले यी अमूल्य औषधिहरूको उपयोग गर्दा यिनीहरूको प्रभावकारिता तथा उपलब्धता लामो समयसम्म कायम राख्न सकिनेछ।



**तपाईंको साथ चाहन्छौं**

"हामी सबैको भूमिका छ, र **दाना उत्पादक**का रूपमा **तपाईंले सहयोग गर्न सक्नुहुन्छ।**"

- एण्टिबायोटिकहरूको उपलब्धता तथा प्रभावकारिता कायम राख्दै मानव तथा पशु स्वास्थ्य सम्वर्द्धन र कल्याण गर्न हामी सबैले पशुपन्छीहरूमा एण्टिबायोटिकहरूको जिम्मेवार तथा विवेकसम्मत प्रयोग सुनिश्चित गर्न आवश्यक छ।
- एण्टिबायोटिक प्रतिरोध विश्व पशु स्वास्थ्य संगठनको प्राथमिकता प्राप्त क्षेत्र हो। आफुले जारी गरेका अन्तरराष्ट्रिय मापदण्डहरूको अवलम्बन गरी एण्टिबायोटिकको जिम्मेवार तथा विवेकसम्मत प्रयोगबारे विश्व पशु स्वास्थ्य संगठनले दाना उत्पादक लगायत सम्पूर्ण पशु स्वास्थ्यसँग सम्बन्धित सरोकारवालाहरूसँग पैरवी गर्दछ।

थप जानकारीको लागि : **www.oie-antimicrobial.com**

# दाना उत्पादक :
# तपाईंहरू मध्यस्थकर्ता हो

दाना उत्पादकहरू

- एण्टिबायोटिकको प्रभावकारिता र उपलब्धताको संरक्षणमा दाना उत्पादकहरूको महत्वपूर्ण भूमिका हुन्छ । भेटेरिनरी डाक्टरको सिफारिसमा मात्रै एण्टिबायोटिकयुक्त दानाको उपलब्धतालाई सीमित गरी एण्टिबायोटिकको अधिक प्रयोग तथा दुरूपयोगलाई निरूत्साहित गरी एण्टिबायोटिक प्रतिरोधको समस्यासाग जुध्न सकिन्छ । एण्टिबायोटिकको प्रभावकारिता भावी पुस्तासम्म कायम राख्न आजैदेखि काम गरौं ।
- दाना उत्पादकहरूले एण्टिबायोटिक प्रतिरोधसाग लड्न अनिवार्य रूपमा असल अभ्यास पद्दतिको पालना गर्नुपर्दछ ।
- दाना उत्पादकका रूपमा यो तपाईंको दायित्व हो । तपाईंको नेतृत्व, प्रभाव, व्यावसायिकता र प्रतिवद्धताले एण्टिबायोटिक प्रतिरोध विरूद्धको यो लडाइमा तपाईंले केन्द्रीय भूमिका निर्वाह गर्न सक्नुहुन्छ ।

## दाना उत्पादकहरूले पालना गर्नुपर्ने कुराहरू :

१ औषधियुक्त दाना उत्पादनका लागि स्वीकृति लिएको हुनुपर्दछ र औषधियुक्त दानाका लागि सम्पूर्ण कानूनी प्रक्रियाहरूको पूर्ण पालना गर्नुपर्दछ ।

२ आधिकारिक स्रोतबाट प्राप्त औषधिहरूमात्र प्रयोग गर्नुपर्दछ । यस्ता औषधि वा औषधिजन्य पदार्थहरू उत्पादकले वा भेटेरिनरी डाक्टरले सिफारिस गरे बमोजिमको मात्रामा तथा सिफारिस गरिएको पशुपंक्षीमा तोकिएको प्रयोजनका लागि मात्र प्रयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

३ हानिकारक तत्वहरूबाट दानाको संक्रमण हुनबाट जोगाउनुपर्दछ । साथै एण्टिबायोटिकमुक्त दानासाग एण्टिबायोटिकयुक्त दानाको लसपस हुनबाट जोगाउनु पर्दछ ।

४ उपयुक्त स्वच्छता तथा दानामा एण्टिबायोटिकको मिश्रणको एकरूपता सुनिश्चित गर्न असल उत्पादन अभ्यास अवलम्बन गर्नुपर्दछ ।

५ भेटेरिनरी डाक्टरको सिफारिसमा मात्र किसानलाई एण्टिबायोटिकयुक्त दाना उपलब्ध गराउनु पर्दछ ।

६ दानाको लेबलमा, प्रयोग गरिएका कच्चा पदार्थ र औषधिहरू र तिनको मात्रा, प्रयोग गर्न सिफारिस पशुपन्छीहरू, अपनाउनुपर्ने सावधानीहरू, प्रयोग गर्ने विधि र अवशेष नष्ट हुने (निखारिने) अवधि समेत उल्लेख गर्नुपर्दछ ।

७ पहिचानीकरण (ट्रेसएबिलिटी) का लागि उपयुक्त अभिलेख राख्नु पर्दछ ।

८ एण्टिबायोटिक खपतको अनुगमनका लागि नियमनकारी निकायहरूलाई आवश्यक सहयोगका साथै बिक्री वितरणको तथ्यांक उपलब्ध गराउनुपर्दछ ।

तपाईंको साथ चाहन्छौं

*सर्वसाधारण समेतले बुझ्ने हुँदा यस पर्चामा एण्टिबायोटिक भन्ने शब्द एण्टिमाइक्रोबियल समूह (जीवाणु, विषाणु, ढुसी विरुद्ध काम गर्ने औषधि) लाई जनाउने गरी प्रयोग गरिएको छ ।

Funded by UK Government

WORLD ORGANISATION FOR ANIMAL HEALTH
*Protecting animals, preserving our future*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर